नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नेपाल प्रहरी केनाईन कार्यालय
(प्रबन्ध शाखा)

फो नं.:- ०१-४५१७०२२
०१-४५१६९२१
मो.नं.:- ९८५१२८५२६६
महाराजगंज, काठमाण्डौ।

पत्र सङ्ख्या:- १/२०८२/०८३
प्र.प.सं.:-

मिति:- २०८३ वैशाख ४ गते।
ने.सं. ११४६

**विषय:- निष्क्रिय प्रहरी कुकुर स्वीकारकर्ता छनौट गरिएको सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा **"प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन)"** मा रहेको प्रावधान बमोजिम गठित **"निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति"**बाट निष्क्रिय प्रमाणिकरण तथा **"मूल्य निर्धारण समिति"**बाट न्यूनतम मूल्य निर्धारण समेत भएको नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंजमा सेवारत तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुरहरु वितरणको प्राथमिकतामा रहेका ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुलाई स-शुल्क वितरण प्रयोजनार्थ आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नको निम्ति नेपाल प्रहरीको Website, यस कार्यालयको फेसबुक पेज तथा सूचना पाटी समेतबाट मिति २०८२/१२/२३ गते ७ (सात) दिने सूचना प्रकाशित भएकोमा स-शुल्क निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागि १४ वटा मात्र निवेदन प्राप्त भएको र उक्त निवेदनहरू मध्ये बाट कार्यनिर्देशनमा व्यवस्था भएको वितरणको प्राथमिकताको आधारमा तल उल्लेखित निवेदकहरुलाई तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागी स्वीकारकर्ता छनौट गरिएकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नेपाल प्रहरी कल्याण कोष नक्सालको खाता नं. मा उल्लेखित रकम जम्मा गरी रसिद सहित तपसिल बमोजिमका कागजात सहित निष्क्रिय प्रहरी कुकुर स्वीकारको लागी नेपाल प्रहरी केनाईन कार्यालयमा सम्पर्क गर्न हुन जानकारी गराईन्छ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-**

| सि.नं. | जात | नाम | लिङ्ग | जन्म मिति/उमेर | स्वीकारकर्ता | स-शुल्क |
|---|---|---|---|---|---|---|
| १. | ककर स्पाइनल | सरड्युक (sirduk) | भाले | २०७९।०५।२९<br>३ बर्ष ७ महिना | प्रहरी उपरीक्षक श्याम कुमार सारू मगर | ४०००।- |
| २. | जर्मन सेफड | ज्याक ( Jack) | भाले | २०८०/०८/०५<br>२ बर्ष ४ महिना | प्र.नि.दिपेश कार्की | ५०००।- |

**निष्क्रिय प्रहरी कुकुर स्वीकार गर्दा पेश गर्नु पर्ने कागजात:**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्र (सक्कल)।
२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टा (सक्कल)।
३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्र (सक्कल)।
४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामा (सक्कल)।

अध्यक्ष
(प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल)
निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति

**(नोट: यो निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धी सूचना "प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन) को "अनुसूची -२३" अनुसार तयार गरिएको छ।)**